apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: ३०५ ● पृष्ठ: ४ ● ०३ मंसिर २०८३ विहीबार (19 November 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

कमला पुल निरीक्षण गर्न भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल आउँदै

निर्माण तथा सञ्चालनमा देखिएका समस्या बुझ्न स्थलगत अवलोकन गर्ने, समस्या समाधानका लागि ठोस पहल हुने स्थानीयको अपेक्षा

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०२ गते





सिरहा र धनुषालाई जोड्ने कमला नदीमाथि निर्माणाधीन पुलको अवस्था बुझ्न भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल आज बिहीबार स्थलगत निरीक्षणमा आउने भएका छन् ।

लामो समयदेखि निर्माणमा देखिएको ढिलाइ र सञ्चालनसम्बन्धी समस्याका कारण चर्चामा रहेको कमला पुलको वर्तमान अवस्था बुझ्न मन्त्री लम्सालले स्थलगत अवलोकन गर्न लागेका हुन् । स्रोतका अनुसार मन्त्री लम्साल जनकपुरधामबाट बिहान करिब ९ बजे पुल निरीक्षणका लागि पुग्ने कार्यक्रम रहेको छ ।

निरीक्षणका क्रममा पुलको भौतिक अवस्था, निर्माण कार्यमा देखिएका समस्या तथा स्थानीयवासीले आवागमनका क्रममा भोग्दै आएका कठिनाइबारे जानकारी लिने बताइएको छ ।

कमला पुलको निर्माण तथा सञ्चालनसम्बन्धी समस्या समाधानका लागि पटक-पटक आवाज उठ्दै आए पनि अपेक्षित प्रगति हुन सकेको छैन । पुलको समस्या लामो समयदेखि समाधान हुन नसक्दा सिरहा र धनुषाका स्थानीयवासीले आवागमनमा सास्ती खेप्दै आएका छन् ।

यसअघि पनि पुलको समस्या समाधानका लागि विभिन्न तहबाट पहल तथा ध्यानाकर्षण गराइँदै आएको थियो । यस्तो अवस्थामा भौतिक पूर्वाधारमन्त्रीकै स्थलगत निरीक्षण हुनुलाई स्थानीयवासीले सकारात्मक रूपमा लिएका छन् ।

मन्त्रीको निरीक्षणपछि पुल निर्माण तथा सञ्चालनमा देखिएका समस्या समाधानका लागि ठोस पहल हुने र लामो समयदेखि अलपत्र अवस्थामा रहेको पुलले निकास पाउने स्थानीयवासीको अपेक्षा छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण: सम्बन्ध सुधारको आशा कति ?



नेकपाका केन्द्रीय सदस्य यादवसहित नेताहरू रास्वपामा प्रवेश



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०२ गते

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य श्याम यादवसहितका नेता तथा कार्यकर्ता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् ।

धनुषाको हंसपुर नगरपालिकास्थित सोनिगामामा बुधबार आयोजित पार्टी

बाँकी पृष्ठ ३ ▸▸

मधेश प्रदेशमा सरकार गठनमा अझै अन्योल, दुई विकल्पमा 'कसरत'

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०२ गते



प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले सरकार गठनका लागि दावी पेस गर्न दिएको समय घर्किन लागे पनि मधेश प्रदेशमा सरकार गठनको अन्योल कायमै छ । अर्को सरकार बनाउन 'गठबन्धन' गर्ने वा अन्य विकल्प अपनाउने विषयमा दलहरूबीच औपचारिक छलफल नहुँदा सत्तारोहण अनिश्चित बनेको हो ।

एमाले र नेकपाले समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार बाहिरिएसँगै अर्को सरकार गठनका लागि प्रदेश प्रमुख कर्णले शुक्रबारसम्मको समय तोकेका छन् । प्रदेश प्रमुख कर्णले मुख्यमन्त्री कृष्णप्रसाद यादवले गत शनिबार दिएको राजीनामा स्वीकृत गर्दै आगामी शुक्रबारसम्म संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गर्ने प्रयोजनका लागि दाबी पेस गर्न आह्वान गरेका छन् ।

प्रदेश प्रमुखले दाबी पेस गर्न तोकेको समय अब दुई दिन मात्र बाँकी छ । तर, मधेश प्रदेशमा अर्को सरकार बनाउने दाबी गरिरहेका चार दल जसपा नेपाल, एमाले, नेकपा र जनमतबीच औपचारिक छलफल नभएको ती दलकै नेताहरू स्वीकार्छन् । एमालेका प्रदेश सांसद राजकुमार लेखीले सरकारमा सहभागी हुने वा अरू दललाई समर्थन गर्ने विषयमा छलफल नभएको बताए । 'अहिले केही टुंगो लागेको छैन,' लेखीले अपन दैनिकसँग भने, 'तीन दल र दुई दलबीच यसअघि भएको भेटघाटमा कुराकानी भएको थियो । त्यहीं सबै मामिला अड्किएको छ । काठमाडौंमै छु, बिहीबार साँझसम्म केही प्रगति हुन सक्छ ।'

मधेश प्रदेशमा नयाँ सरकार बनाउन 'सहयोगी भूमिका'मा रहन तयार रहेको नेकपाका संसदीय दलका नेता युवराज भट्टराईले जानकारी दिए । 'म काठमाडौंमै छु । अहिलेसम्म केही खिचडी पाकेको छैन,' भट्टराईले भने, 'जसपा नेपालले सरकारबारे निर्णय

बाँकी पृष्ठ ३ ▸▸

मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु, फरार टिपर चालक पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०२ गते

सिरहाको मिर्चैया नगरपालिका-६ मा मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएपछि फरार रहेका टिपर चालकलाई प्रहरीले टिपरसहित नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गत कार्तिक २० गते राति करिब १०:५० बजे मिर्चैया नगरपालिका-६ स्थित भोला बाबा पेट्रोल पम्पनजिक मधेश प्रदेश २-०१-००२ प २६५३ नम्बरको मोटरसाइकल र पहिचान नखुलेको अर्को सवारीसाधनबीच दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक सर्लाहीको हरिवन नगरपालिका-११ घर भई हाल मिर्चैया नगरपालिका-६ मा

बाँकी पृष्ठ २ ▸▸

कुखुरालाई पानी खुवाउन खनिएको पोखरीमा पुरुषको शव फेला



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०२ गते

सिरहाको गोलबजार नगरपालिका-६ सैनिक चोक टुङ्डिकयास्थित मोहन यादवको कुखुरा फार्म छेउको आँप बगैंचामा रहेको पोखरीमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् ।

कुखुरालाई पानी खुवाउन खनिएको पोखरीमा स्थानीयले पुरुषको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । मृतक गोलबजार नगरपालिका-३ भाडबारीका ४५ वर्षीय महेन्द्र चमार रहेको खुलेको छ ।

परिवारका अनुसार महेन्द्र भाइटीकाको भोलिपल्टदेखि सम्पर्कविहीन थिए । परिवारजनले खोजी गरे पनि मजदुरीका सिलसिलामा कतै बास बसेको हुन सक्ने ठानेर प्रहरीमा हराएको उजुरी दिएका थिएनन् ।

बाँकी पृष्ठ ४ ▸▸

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

फ्रिजमा ह्विलचेयर र मधेशको स्वास्थ्यको अवस्था

छठ पर्व मनाउन तराई-मधेश आएकी स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले स्वास्थ्य संस्थाको अनुगमनका क्रममा देखेको एउटा दृश्यले मधेश प्रदेशको स्वास्थ्य व्यवस्थापनको वास्तविक अवस्था उजागर गरेको छ। औषधि सुरक्षित राख्न प्रयोग गरिने फ्रिजभित्र ह्विलचेयर भेटिनु सामान्य लापरवाही मात्र होइन। सार्वजनिक स्वास्थ्य सेवाप्रतिको जिम्मेवारीबोध र व्यवस्थापकीय क्षमतामाथिकै गम्भीर प्रश्न हो। मधेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको मुजेलियास्थित स्टोरमा देखिएको यो दृश्यले प्रदेशको स्वास्थ्य प्रशासन कति अस्तव्यस्त छ भन्ने संकेत गरेको छ। अनुगमनका क्रममा मन्त्री मेहताले प्रदेश स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवसँग गरेको प्रश्न र असन्तुष्टि स्वाभाविक देखिन्छ। औषधि राख्ने फ्रिजमा औषधिको सट्टा ह्विलचेयर भेटिनु व्यवस्थापनको सामान्य कमजोरी होइन्। स्वास्थ्य क्षेत्रको जिम्मेवारी लिएका अधिकारीहरूले आधारभूत व्यवस्थापनसमेत गर्न नसक्नु विडम्बनापूर्ण हो। तर, मन्त्रीले सचिवलाई हप्काउनु वा कर्मचारीलाई प्रश्न गर्नुले मात्र स्वास्थ्य क्षेत्रको अवस्था सुधि्रँदैन्। प्रश्न उठाउनेसँगै त्यसको समाधान गर्ने जिम्मेवारी पनि केन्द्रीय सरकारको हो।

मधेश प्रदेशको स्वास्थ्य क्षेत्र लामो समयदेखि अनेकौं समस्याले ग्रस्त छ। सरकारी अस्पतालमा पर्याप्त औषधि उपलब्ध नहुनु, विशेषज्ञ चिकित्सकको अभाव, उपकरणको उचित व्यवस्थापन नहुनु, कर्मचारी दरबन्दीअनुसार पदपूर्ति नहुनु र बिरामीको चापअनुसार सेवा विस्तार नहुनु पुरानै समस्या हुन्। सामान्य उपचारका लागि पनि निजी अस्पताल वा अन्य प्रदेशका ठूला स्वास्थ्य संस्थामा पुग्नुपर्ने बाध्यता मधेशका नागरिकले भोगिरहेका छन्। सरकारी अस्पतालप्रति नागरिकको भरोसा कमजोर हुँदै जानु राज्यका लागि गम्भीर चुनौती हो। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरको स्तरोन्नति, कर्मचारी दरबन्दी, औषधिको उपलब्धता र स्वास्थ्य सेवामा बढ्दो चापका विषयमा मन्त्रीले देखाएको चासो सकारात्मक छ। तर, यस्ता विषयमा चासो देखाउनु र वास्तविक सुधार गर्नु फरक कुरा हुन्। अस्पतालको स्तरोन्नति भवन र उपकरण थप्नु मात्र होइन्। त्यसका लागि दक्ष जनशक्ति, नियमित औषधि आपूर्ति, आधुनिक प्रविधि, प्रभावकारी व्यवस्थापन र सेवाप्रति उत्तरदायी प्रशासन आवश्यक हुन्छ। मधेश प्रदेशको स्वास्थ्य क्षेत्र सुधार गर्ने जिम्मेवारी प्रदेश सरकारको मात्र हो कि संघीय सरकारको पनि हो ? संघीयताको अभ्यासमा प्रदेश सरकारको आफ्नै जिम्मेवारी र अधिकार छन्। तर, स्वास्थ्य सेवा सुधारका लागि आवश्यक नीति, मापदण्ड, स्रोतसाधन, प्राविधिक सहयोग, जनशक्ति व्यवस्थापन र राष्ट्रियस्तरका स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा संघीय सरकारको भूमिका उत्तिकै महत्त्वपूर्ण छ। विशेषगरी स्वास्थ्य मन्त्रालयले प्रदेशको वास्तविक अवस्था बुझेर आवश्यक सहयोग र समन्वय गर्नुपर्छ। मधेश प्रदेशका सरकारी अस्पतालहरूमा विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीको अभाव छ भने त्यसको समाधानका लागि संघीय सरकारले आवश्यक सहजीकरण गर्नुपर्छ। स्वास्थ्य उपकरण खरिद गरेर थन्क्याउने होइन, तिनको प्रयोग र मर्मतसम्भार सुनिश्चित गर्नुपर्छ। औषधि खरिद र वितरण प्रणालीलाई पारदर्शी तथा व्यवस्थित बनाउनुपर्छ। स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको क्षमता अभिवृद्धि गर्दै औषधि भण्डारणदेखि वितरणसम्मको प्रक्रियामा नियमित अनुगमन गर्नुपर्छ। औषधिको अभाव र अनावश्यक भण्डारण दुवै अन्त्य हुनुपर्छ।

स्वास्थ्य मन्त्रालयले मधेशका अस्पतालहरूको अवस्था अध्ययन गरेर अल्पकालीन र दीर्घकालीन सुधार योजना बनाउन आवश्यक छ। प्रदेश सरकारसँग समन्वय गरी अस्पतालको क्षमता, बिरामीको चाप र भौगोलिक आवश्यकताका आधारमा जनशक्ति तथा बजेट व्यवस्थापन गर्नुपर्छ। साथै, संघीय सरकारले पठाएको बजेट र उपलब्ध गराएको स्रोतसाधनको उपयोग प्रभावकारी भए-नभएको अनुगमन गर्ने संयन्त्र पनि बलियो बनाउनुपर्छ। जिम्मेवारी पूरा नगर्ने पदाधिकारीमाथि कारबाही र राम्रो काम गर्ने संस्थालाई प्रोत्साहन गर्ने व्यवस्था हुनुपर्छ। मन्त्री मेहताको अनुगमनले एउटा फ्रिजभित्र ह्विलचेयर भेटिएको घटना सार्वजनिक गऱ्यो। तर, मधेशको स्वास्थ्य क्षेत्रमा यस्ता धेरै समस्या छन्, जुन कुनै मन्त्रीको आकस्मिक अनुगमनको प्रतीक्षामा छन्। अस्पतालमा बिरामीले बेड नपाउने, औषधि नपाउने, चिकित्सक भेट्न घण्टौं कुर्नुपर्ने र सामान्य उपचारका लागि पनि ऋण खोजेर निजी अस्पताल धाउनुपर्ने अवस्था अन्त्य हुनु जरुरी छ। अनुगमनको उद्देश्य कर्मचारीलाई हप्काउनु वा सञ्चारमाध्यममा चर्चा बटुल्नु मात्र हुनुहुँदैन्। अनुगमनपछि सुधारको कार्ययोजना, जिम्मेवारी निर्धारण र कार्यान्वयनको नियमित समीक्षा हुनुपर्छ। संघीय स्वास्थ्य मन्त्रालयले मधेशको स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर प्रदेश सरकारसँग परिणाममुखी सहकार्य गर्नुपर्छ। प्रदेश सरकारले पनि आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन्। औषधि राख्ने फ्रिजमा ह्विलचेयर भेटिनु एउटा संस्थाको कमजोरी मात्र होइन। सार्वजनिक स्वास्थ्य प्रशासनको कार्यशैलीमाथिको प्रश्न हो। यस्तो अवस्था आउनुमा जिम्मेवार पदाधिकारीले जवाफदेही हुनुपर्छ। मधेशका नागरिकले पनि अन्य प्रदेशका नागरिकसरह गुणस्तरीय र सहज स्वास्थ्य सेवा पाउने अधिकार राख्छन्। त्यसैले मधेशको स्वास्थ्य क्षेत्र सुधारलाई कुनै औपचारिक कार्यक्रम वा राजनीतिक प्रतिबद्धतामा सीमित नगरी संघीय र प्रदेश सरकारको साझा प्राथमिकता बनाउनुपर्छ। मन्त्रीको अनुगमनले उठाएको प्रश्नको जवाफ भाषणले होइन, अस्पतालमा उपलब्ध हुने सेवा, औषधि र नागरिकले पाउने उपचारले दिनुपर्छ। यस प्रकारको अनुगमन निरन्तर हुनु पर्छ। जसले सुधार ल्याउन भूमिका खेल्छ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण: सम्बन्ध सुधारको आशा कति ?



> सैद्धान्तिक अस्पष्टता, संदिग्ध विगत, अविश्वासपूर्ण माहौल, भारतमा **एउटै दिगो नेतृत्वको निरन्तरजस्ता कुराले वालेनको भारत भ्रमणलाई निकै जटिल बनाउँछ ।**

प्रधानमन्त्री वालेन्द्र शाह मंसिर ६-७ गते छिमेकी देश भारतको भ्रमण गर्दै छन्। उनको यो भ्रमण सत्तामा आएको ९ महिना पुग्न लाग्दा हुँदै छ। यसअघि उनका समर्थकहरूले शाहले १ वर्षसम्म कुनै पनि देशको भ्रमण नगर्ने बताउँदै आएका थिए।

यसअघि उनी असोज ६ गते संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा भाग लिन अमेरिकाको न्युयोर्क गएका थिए । यो प्रधानमन्त्री वालेनको अमेरिका सरकारद्वारा आमन्त्रित राजकीय भ्रमण नभएर एक औपचारिक विश्व मञ्च थियो। यस अर्थमा भारत भ्रमणलाई प्रधानमन्त्री शाहको पहिलो विदेश भ्रमण भन्न सकिन्छ।

त्यसो त नेपालका प्रधानमन्त्रीको औपचारिक राजकीय विदेश भ्रमणको अवसर त्यसै पनि सीमित हुँदै गएको छ। भारत र चीनजस्ता छिमेकी देशको औपचारिकता बाहेक संसारका अरु कुनै पनि देशले नेपाललाई महत्त्वका साथ आमन्त्रण गरेको दशकौंयता सीमित उदाहरण होलान्।

नेपालका प्रधानमन्त्रीले भारतबाट औपचारिक विदेश भ्रमण प्रारम्भ गर्ने प्रचलन वालेनले पनि ढिलो चाँडो कायमै राखेका छन्। वालेनको यो भ्रमणले नेपालको कूटनीतिक सम्बन्धमा कुनै नयाँ मोड र प्रवृत्तिको संकेत गर्दैन, जस्तो कि वालेन समर्थकहरूको दाबी हुने गर्दथ्यो। बरु यो विगत लामो समयदेखिको कूटनीतिक अभ्यासकै निरन्तरता हो।

नेपाल-भारत सम्बन्धका पछिल्ला कडी

सन् २०१४ मा सत्ता सम्हालेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी वि.स. २०७१ साउन १८ गते पहिलो नेपाल भ्रमणमा आएका थिए। दुईदिने भ्रमणको अन्तिम दिन उनले नेपालको संसद् बैठकमा संबोधन गरेका थिए। भर्खरै सत्तामा आएका प्रधानमन्त्री मोदीको कूटनीतिक सम्बन्धको मूलमन्त्र त्यतिखेर 'छिमेकी प्रथम' थियो। संसद्मा मोदीको संबोधनले नेपालमा व्यापक उत्साह र आशा सिर्जना गरेको थियो।

तर, त्यसपछिका दिनमा नेपाल-भारत सम्बन्ध सोचेजस्तो सहज र सुखद रहेन । नेपालको संविधान निर्माणमा भारतको असन्तुष्टि, अघोषित नाकाबन्दीदेखि चुच्चे नक्सा प्रकरणसम्म सम्बन्धले अनेक अरोह-अवरोह भोग्यो।

भारतमा मोदी निरन्तर सत्ताको नेतृत्वमा छन्। यता नेपालमा १० पटक सरकार बदलिएको छ र ६ जना सुशील कोइराला, केपी शर्मा ओली, पुष्पकमल दहाल 'प्रचण्ड', शेरबहादुर देउवा, सुशीला कार्की र वालेन्द्र शाह प्रधानमन्त्री भएका छन्।

भारतमा दल र नेतृत्वको स्थिरता छ । भारतीय जनता पार्टी र प्रधानमन्त्री नरेन्द्र मोदी दुवैको निरन्तरता छ। नेपालमा भने न दलको निरन्तरता छ न व्यक्ति को। नेपालमा नीतिगत निरन्तरता पनि देखिन्न। हरेक प्रधानमन्त्रीले भारतसँगको सम्बन्धलाई आआफ्नो तरिका र अनुकूलतामा व्याख्या गर्ने गरेका छन्।

मोदी-ओली तिक्तता

यसबीच नेपाल भारत सम्बन्धलाई प्रभावित गर्ने मुख्य व्यक्ति नेपालमा एमाले अध्यक्ष केपी शर्मा ओली रहे। २०७२ को संविधान निर्माण गर्दा नेपाली कांग्रेसका सुशील कोइराला प्रधानमन्त्री भए पनि कोइरालाको व्यक्तित्व र प्रभाव बलियो थिएन। त्यो बेला उनी एमाले अध्यक्ष केपी शर्मा ओलीका 'लाचार छाया' जस्तो प्रतीत भएका थिए।

भारतको अघोषित नाकाबन्दी र नेपालको संविधान संशोधन गरी कालापानी, लिपुलेक, लिम्पियाधुरालाई समेटन् चुच्चे नक्सा पारित गरेको समयमा नेपालमा ओली प्रधानमन्त्री थिए । ओलीले बारम्बार आफ्नो सरकार हटाउन भारतले षड्यन्त्र गरेको सार्वजनिक आरोप लगाउने गरेका थिए।

२०७२ को संविधान निर्माणको बखत मोदीका विशेष दूत बनेर नेपाल आएका तत्कालीन विदेश सचिव एस. जयशंकर लामो समयदेखि भारतको परराष्ट्रमन्त्री छन्। प्रधानमन्त्री मोदी र परराष्ट्रमन्त्री जयशंकरको निरन्तरताले भारतीय पक्ष विगतका तिक्तता र अनुभूतिबाट मुक्त नभएको स्थिति व्यक्त गर्दछ।

२०७७ कार्तिक ५ गते तत्कालीन 'रअ' प्रमुख सामन्त गोयल मोदीको विशेष दूत बनेर आएयता मोदी-ओली सम्बन्ध सुधि्रएको हो कि जस्तो देखिएको थियो । तर, त्यसलगत्तै पार्टीको आन्तरिक किचोलामा हाबी हुन संसद्को असंवैधानिक विघटन गरेसँगै नेपालको राजनीतिले फरक कोर्स पक्रियो। ओली निरन्तर बदनाम हुँदै र घेराबन्दीमा पर्दै गए।

२०८२ भदौ २३-२४ गतेको जेन जी आन्दोलनको बेला पनि ओली नै नेपालको प्रधानमन्त्री थिए। भारतले जेन जी विद्रोहपछि बनेको सुशीला कार्की सरकारलाई समर्थन र फागुन २१ गतेको चुनावलाई दिल खोलेर सहयोग गरेको थियो।

भारतसँगको सम्बन्ध असहज हुँदा ओलीले 'चाइना कार्ड' खेल्ने गरेका थिए।

वालेन शाहको सन्दर्भ

नेपाली राजनीतिमा २०७२ यताको ओली वर्चस्वको अवधि 'भारत विरोधी राष्ट्रवाद' र 'चाइना कार्ड' को अभ्यासले आक्रान्त भएको ठान्नेहरू धेरै छन्। यद्यपि ओली एकीकृत महाकाली सन्धिको बेलादेखि 'भारत निकट' नेता मानिन्थे। तर, भारतमा सन् २०१४ मा भएको सत्ता परिवर्तनपछि भने ओली शासनले भारतको नयाँ संस्थापनपक्षसँग तालेमल बनाउन सकेन।

त्यसले उनको राजनीतिलाई कति फाइदा वा बेफाइदा भयो, त्यो भिन्नै कुरा तर नेपाल-भारत सम्बन्धले भने पर्याप्त गतिरोध व्यहोरेको छ।

वालेन्द्र शाह आन्तरिक राजनीतिमा ओली विरोधी भए पनि उनको प्रवृत्ति र कूटनीतिक अडान भने ओलीको भन्दा खासै फरक देखिँदैन। लोकप्रियताको विस्तारका लागि वालेनले पनि पर्याप्त 'भारत विरोधी राष्ट्रवाद' को भावना दोहन गर्दै आएका हुन्।

काठमाडौंको मेयर हुँदा शाहले आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल' को नक्सा टाँगेका थिए। सन् २०२३ को मेमा भारतको नयाँ संसद् भवनको उद्घाटन गर्दा 'अखण्ड भारत' को प्रतीक चिह्न राखेको प्रतिक्रिया स्वरूप शाहले 'ग्रेटर नेपाल' को नक्सा प्रयोग गरेका थिए।

सन् २०२३ मा चीनले कालापानी, लिपुलेक, लिम्पियाधुरा क्षेत्र भारतीय भूभागमा पारेको नक्सा जारी गरेकोप्रति विमति जनाउँदै वालेनले आफ्नो चीन भ्रमण नै रद्द गरेका थिए। २०८० को भदौमा चीन भ्रमण रद्द गर्दै उनले फेसबुक स्टाटसमा लेखेका थिए-'नेपाली भूभाग चीनले नेपाललाई नै नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतामाथि चालेको गलत कदम मानेका छौं। त्यसैले मेरो आज चीनको निमन्त्रणामा हुँदै गरेको ५ दिने भ्रमण नैतिकताका आधारमा नजाने निर्णय गरेको छु।'

सन् २०२५ को अगष्ट ३१-सेप्टेम्बर १ मा सांघाई सहयोग संगठन (एससीओ) को बैठकमा प्रधानमन्त्री केपी ओली चीन प्रस्थान गरेको दिन अगष्ट ३० मा वालेन्द्र शाहले अर्को फेसबुक स्टाटस लेखेका थिए-'चीन भ्रमणको शुभकामना प्रधानमन्त्री ज्यू ! नेपालको लिपुलेक नाकाबाट व्यापार पुनः संचालन गर्ने भारत-चीनको सहमतिले हाम्रो सार्वभौमिकतामाथि अतिक्रमण गरेको छ। त्यो हाम्रो नै हो भन्ने कुरा चीनलाई संझाउन नबिर्सनु होला। अल द बेष्ट, हामीलाई तपाईंमाथि पूर्ण विश्वास छ।'

तर, त्यसपछिका दिनमा लिपुलेक नाका खोल्ने र कैलाश मानसरोवर तीर्थ यात्राका लागि प्रयोग गर्ने भारतको तयारीप्रति नयाँ तथा युवा प्रधानमन्त्री वालेन्द्र शाह अहिलेसम्म मौन छन्। गत वर्ष चैत १३ गते प्रधानमन्त्री बनेयता भने वालेन यस्ता मुद्दाप्रति मौन मात्रै छैनन्, उनले संसद् बैठकमै 'नेपालले भारतको सीमा मिचेको' विवादास्पद र बचकना अभिव्यक्ति दिएर आफूलाई थप फितलो साबित गरेका छन्।

वालेनका यी विगतका यी

बाँकी पृष्ठ ४ ▶▶

मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु .....

बस्दै आएका सरोजकुमार साहका छोरा सुरजकुमार साह घाइते भएका थिए। उनलाई उपचारका लागि अस्पताल लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि फरार रहेको सवारीसाधनको खोजी तथा अनुसन्धान गर्ने क्रममा ना ८ ख ५९५४ नम्बरको टिपर दुर्घटनामा संलग्न रहेको खुलेको प्रहरीले जनाएको छ। टिपर चालक सिन्धुलीको फिक्कल गाउँपालिका-७ निवासी २६ वर्षीय सोमबहादुर दमाई रहेको पहिचान भएपछि प्रहरीले उनको खोजी तीव्र पारेको थियो।

यसैक्रममा इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले कार्तिक ३० गते दिउँसो करिब ४ बजे उदयपुरको कटारी नगरपालिका-२ बाट चालक दमाईलाई टिपरसहित नियन्त्रणमा लिएको हो।

पक्राउ परेका चालक र टिपरलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय मिर्चैया ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

आजको राशिफल

मेष : दिन राम्रो छ। स्वास्थ्यमा भने समस्या आउन सक्छ। अग्रजको सल्लाहमा गरेको काममा फाइदा हुनेछ।

बृष : दिन सामान्य छ। राजनीति र सामाजिक क्षेत्रमा मन जानेछ। परिवारसँगको सम्बन्ध भने सहज बन्नेछ।

मिथुन : दिन राम्रो छ। बोलीको प्रभावले काम बन्नेछ। साथीभाइसँगको भेटघाटले मन खुसी हुनेछ।

कर्कट : दिन राम्रो छ। परिवारमा मेलमिलापको वातावरण बन्नेछ। विदेशी लगानी फस्टाउने छ।

सिंह : मन अशान्त बन्ने जोखिम छ। राम्रो काम गरे पनि तपाईंमाथि खराब आरोप लाग्नेछ।

कन्या : व्यापारमा घाटा हुनेछ। नाफा कमाउन थप मिहिनेत गर्नुपर्ने दिन छ। प्रेम सम्बन्ध भने सुमधुर बन्नेछ।

तुला : दिन राम्रो छ। पठनपाठनमा मन जानेछ। तपाईंको कामको प्रशंसा हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

वृश्चिक : दिन सामान्य छ। परिवारको साथ सहयोग मिल्ने छ। धार्मिक कार्यमा सहभागी हुने अवसर प्राप्त होला।

धनु : दिन राम्रो छ। परिवारको सहयोगमा गरेको काममा सफलता मिल्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

मकर : दिन राम्रो छ। आम्दानी बढ्ने छ। लामो समयदेखि रोकिएको सम्पत्तिको बाटो खुल्ने दिन छ।

कुम्भ : दिन राम्रो छ। मन शान्त बन्नेछ। राजनीतिक र सामाजिक क्षेत्रमा चासो बढ्ने छ।

मीन : दिन सामान्य छ। सानातिना कुराले मनमा तनाव बढ्ने छ। आफूभन्दा ठूलाबाट अपमानित भएको महसुस हुनेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

सिरहामा ट्याक्टरका ब्याट्री चोरी गर्ने दुई जना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०२ गते



सिरहाको भगवानपुर गाउँपालिकाका विभिन्न स्थानबाट ट्याक्टरका ब्याट्री चोरी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको बलान बिहुल गाउँपालिका-२ डिगिया टोलका २५ वर्षीय दिपेश कुमार यादव र २२ वर्षीय राजेश कुमार यादव रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गत कार्तिक ३० गते राति भगवानपुर गाउँपालिका-३ र ५ का विभिन्न टोलबाट ट्याक्टरका ब्याट्री चोरी भएका थिए। चोरी भएको भन्दै मंसिर १ गते प्रहरी चौकी ठाडीमा निवेदन परेपछि प्रहरीले खोजतलास सुरु गरेको थियो। खोजतलासकै क्रममा सोही दिन साँझ सप्तरीको बलान बिहुल गाउँपालिका-२ बाट भारततर्फ जाँदै गरेको बीआर ३२ एवाई ३४२१ नम्बरको मोटरसाइकलमा तीन थान ब्याट्री फेला परेको निमित्त सूचना अधिकारी नरेश लिम्बुले जानकारी दिएका छन्।

उनका अनुसार दिपेश कुमार यादवले चलाएको उक्त मोटरसाइकलमा शंकास्पद अवस्थामा ब्याट्री लैजाँदै गरेको देखेपछि प्रहरीले रोकेर जाँच गरेको थियो। सोधपुछ तथा अनुसन्धानका क्रममा बरामद ब्याट्रीहरू भगवानपुरबाट चोरी भएका ब्याट्रीसँग मेल खाएपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। थप अनुसन्धानका क्रममा राजेश कुमार यादवसमेत चोरीमा संलग्न रहेको खुलेपछि दुवै जनालाई चोरी भएका तीन थान ब्याट्री र मोटरसाइकलसहित नियन्त्रणमा लिइएको हो।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय लहानमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

१८ दिने शिशुको मृत्यु भएपछि वीरगन्जको नेशनल मेडिकल कलेजमा तनाव

अपन दैनिक संवाददाता
वीरगन्ज, मंसिर ०२ गते



वीरगन्जको नेशनल मेडिकल कलेजमा उपचारका क्रममा १८ दिने नवजात शिशुको मृत्यु भएपछि बुधवार अस्पताल परिसरमा तनावपूर्ण स्थिति सिर्जना भएको छ। चिकित्सक र नर्सको चरम लापरवाहीका कारण शिशुको ज्यान गएको दावी गर्दै पीडित परिवार तथा आफन्तहरूले अस्पतालको गेट बन्द गरेर कडा आन्दोलन तथा प्रदर्शन गरिरहेका छन्।

घटनालगत्तै अस्पताल परिसरमा आक्रोशित भीड जम्मा भएपछि सुरक्षा व्यवस्था कडा पारिएको छ। पर्सा प्रहरीका प्रवक्ता सन्जिवबाबु खड्काका अनुसार शिशुको मृत्युको निष्पक्ष छानविन गरी दोषी चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि कडा कारबाहीको माग गर्दै आफन्तहरू आन्दोलित भएका हुन्।

अहिले तनावलाई नियन्त्रणमा लिन र पीडित पक्षसँगको विवाद समाधान गर्न अस्पताल प्रशासन र सुरक्षाकर्मीबिच आन्तरिक छलफल भइरहेको उनले बताए।



नेकपाका केन्द्रीय सदस्य यादवसहित नेताहरू .....

प्रवेश कार्यक्रममा यादवको नेतृत्वमा उनीहरू नेकपा परित्याग गरी रास्वपामा प्रवेश गरेका हुन्।

रास्वपा प्रवेश गर्नेहरूमा नेकपाका मधेश प्रदेश समिति सदस्यहरू सुनिलकुमार यादव, सत्यनारायण यादव, दिलीपकुमार यादवसहित विभिन्न पालिका तथा स्थानीय तहमा सक्रिय नेता तथा कार्यकर्ता रहेका छन्।

त्यस्तै, जनकनन्दनी गाउँपालिका र शहीदनगर नगरपालिकाका विभिन्न राजनीतिक तथा सामाजिक क्षेत्रमा सक्रिय व्यक्तिहरू पनि रास्वपामा आबद्ध भएका छन्।

उनीहरूलाई रास्वपाका मनिष झा र प्रतिनिधिसभा सदस्य रामविनोदले दोसल्ला ओढाएर तथा अबिर लगाएर पार्टीमा स्वागत गरेका थिए।

कार्यक्रममा रास्वपाका पूर्वप्रवक्ता समेत रहेका प्रतिनिधिसभा सदस्य झाले पार्टी प्रवेश गरेका नेता तथा कार्यकर्तालाई स्वागत गर्दै उनीहरूको क्षमता र योगदानका आधारमा उचित जिम्मेवारी प्रदान गरिने प्रतिबद्धता व्यक्त गरे।

त्यसैगरी, प्रतिनिधिसभा सदस्य यादवले आगामी स्थानीय तह निर्वाचनमा पनि रास्वपाले पुराना राजनीतिक दलहरूलाई पराजित गर्ने दावी गरे।

पुराना दलका नेताहरूको राजनीति जनतालाई आश्वासन दिने, तर्साउने र डर देखाउनेमा सीमित रहेको टिप्पणी गर्दै उनले अब जनताले निर्भीक भएर आफ्नो राजनीतिक निर्णय लिनुपर्ने बताए।

मधेश प्रदेशमा सरकार गठनमा अझै अन्योल .....

नगरेकाले अन्योल बढेको हो। जे पनि हुन सक्छ। सोचेकोभन्दा फरक मुख्यमन्त्री पनि आउन सक्छ।'

नेकपाका संसदीय दलका नेता भट्टराईले बिहीबार अबेरसम्म सरकार गठनबारे प्रस्टता आउने र शुक्रबार नै सरकारका लागि दावी प्रस्तुत गरिने बताए। एमाले र नेकपा भने मधेश प्रदेशमा अर्को सरकार जसपा नेपालको नेतृत्वमा बनाउन खोजिरहेका छन्। एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहाल पनि मधेशमा जसपा नेपाललाई सरकारको नेतृत्व दिन तयार छन्।

तर, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव भने एमाले, कांग्रेस र नेकपाकै कारण मधेश प्रदेशमा लगालग सरकार फेरिने र संघीयताप्रति नै नकारात्मक सन्देश गएको भन्दै चुनावको मुखमा प्रदेश सरकारको नेतृत्व सम्हाल्न नहुने अडानमा छन्।

जसपा नेपालका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव (बारा) भने सरकारको नेतृत्व लिनुपर्ने भन्दै अध्यक्ष यादवको लाइनविपरीत लबिङ गरिरहेका छन्। 'मधेशमा अर्को सरकार गठनका लागि पार्टीको शीर्ष तहमा काठमाडौंमा छलफल भइरहेको छ। म पनि यतै नै छु,' जसपा नेपालका संसदीय दलका नेता यादवले भने, 'सरकारका विषयमा निर्णय लिन अध्यक्षजीलाई सबै जिम्मेवारी दिइएको छ। उहाँले जे निर्णय लिनुहुन्छ, त्यहीअनुसार हामी अगाडि बढ्छौं।'

मधेश प्रदेशमा सरकार बनाउन आवश्यक संख्या कुनै दलसँग छैन। मधेश प्रदेशसभामा एमाले यसअघि २४ सांसदसहित ठूलो दल रहे पनि जसपा नेपाल र लोसपाको एकीकरणपछि २८ सांसदसहित जसपा नेपाल ठूलो दल बनेको छ। कांग्रेससँग २२ जना सांसद छन्। नेकपाका १५, जनमत पार्टीका १२ तथा नेपाल संघीय समाजवादी पार्टी, राप्रपा र नागरिक उन्मुक्ति पार्टीका एक-एक जना सांसद छन्। दोस्रो कार्यकालमा मधेश प्रदेशमा जसपा नेपाल, जनमत पार्टी, लोसपा, एमाले र कांग्रेसको नेतृत्वमा सरकार बनिसकेको छ।

मधेशमा कांग्रेस सरकारको बहिर्गमनपछि अर्को सरकार कुन समीकरणमा बन्ने भन्नेबारे दलहरूबीच औपचारिक निर्णय भएको छैन। तर, जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव (बारा), जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंह र एमालेका संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी) बीच एकखाले सहमति भएको ती दलका नेताहरूले बताइरहेका छन्। यी नेताहरूबीच भएको सहमतिमा एमाले अध्यक्ष केपी शर्मा ओलीले 'लालमोहर' लगाइदिए पनि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउत भने 'तयार छैनन्'।

जनमतका अध्यक्ष राउतले आगामी निर्वाचनसम्म जनमत पार्टी मधेश प्रदेश सरकारमा सहभागी नहुने बताइसकेका छन्। 'जनमत पार्टीका सबै सांसदले राजीनामा दिउन् कि पार्टी छोडेर जाउन्, हाम्रो दल मधेश प्रदेश सरकारमा सहभागी हुन्न,' राउतले भनेका छन्, 'मुख्यमन्त्री नै दिए पनि, पुरै मन्त्रिमण्डल नै दिए पनि हामी सरकारमा जान्नौं।'

काठमाडौंमै रहेका जनमत पार्टीका संसदीय दलका नेता सिंहका अनुसार बिहीबार अबेरसम्म मधेश प्रदेशमा अर्को सरकार गठनबारे स्पष्टता आउनेछ। 'दलका शीर्ष तहमा छलफल र कुराकानी भइरहेको छ, अलि समय लाग्ला,' उनले भने, 'हामी छलफलमै छौं। केही समय कुर्नुस्। सबै चिजबिज क्लियर भएर आउँछ।'

जसपा नेपाल र जनमत पार्टीका शीर्ष नेता तयार नदेखिएपछि यी तीनै दलका संसदीय दलका नेताहरूले भने मधेश प्रदेशमा अर्को सरकार बनाउन दुई विकल्पमा कसरत गरिरहेका छन्। पहिलो, जसपा नेपाल, एमाले, नेकपा र जनमतबीच सहमति भए दुई वा दुईभन्दा बढी दलको सरकार बनाउन दाबी पेस गर्ने। यो सम्भव नभए प्रदेश प्रमुखले सरकार बनाउन दिएको शुक्रबारको समय घर्काएर दोस्रो विकल्पका रूपमा संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सबैभन्दा ठूलो दलका संसदीय दलका नेतालाई स्वत: मुख्यमन्त्री नियुक्त गराउने दाउ छ। त्यसअनुसार ठूलो दलको हैसियतले जसपा नेपालका संसदीय दलका नेता यादव मुख्यमन्त्री बन्नेछन्।

तर, नेकपाका संसदीय दलका नेता भट्टराईले भने दलहरूबीच कुराकानी भइरहेकाले संविधानको धारा १६८ को उपधारा २ बमोजिम नै मधेश प्रदेशमा सरकार गठन हुने दाबी गरे। 'संविधानको धारा १६८ को २ बमोजिम नै मधेश प्रदेशमा सरकार गठन हुन्छ, ३ मा जान्न,' उनले भने।





मधेश प्रदेशमा उल्लेख्य बजेट विनियोजन भएको छ: मन्त्री लम्साल

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०२ गते

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले वर्तमान सरकारले पछिल्लो १० वर्षको तुलनामा मधेश प्रदेशमा सबैभन्दा बढी बजेट विनियोजन गरिएको बताएका छन्।

जनकपुरधाममा बुधबार पार्टीका नेता तथा कार्यकर्तासँगको भेटघाट तथा अन्तरक्रियामा चालु आर्थिक वर्षमा स्थानीय तथा ग्रामीण सडकको विकास र निर्माणका लागि ५० अर्बभन्दा बढी बजेट छुट्याइएको जानकारी दिए।

चालु आवमा एकमुष्ट रूपमा अत्यधिक बजेट विनियोजन गरिएको उल्लेख गर्दै उनले आगामी दिनमा पनि मधेश प्रदेशको विकासका लागि बजेट वृद्धि गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे।

उनले खानेपानी तथा पूर्वाधार निर्माणका क्षेत्रमा उल्लेख्य बजेट विनियोजन गरिएको बताउँदै सरकारले मधेश प्रदेशलाई पहिलो प्राथमिकतामा राखेको स्पष्ट पारे।

मधेश प्रदेशमा श्रमिकको सङ्ख्या अत्यधिक रहेकाले उनीहरूलाई न्यायोचित पारिश्रमिक उपलब्ध गराउने उद्देश्यले दैनिक ज्यालामा वृद्धि गरिएको बताए। उनले मधेशको समग्र विकास, सडक सञ्जाल विस्तार तथा आधारभूत पूर्वाधार



निर्माणलाई सरकारले प्राथमिकताका साथ अघि बढाएको उल्लेख गरे।

सिरहाबाट ४२ लाखभन्दा बढीको अवैध सामान बरामद

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०२ गते

सशस्त्र प्रहरी बल नेपालले सिरहा जिल्लाका विभिन्न सीमा क्षेत्रबाट ४२ लाख रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका अनुसार मंसिर १ गते जिल्लाका विभिन्न सीमा क्षेत्रबाट अवैध रूपमा ओसारपसार भइरहेका सामान बरामद गरिएको हो।

सशस्त्र प्रहरीले जिल्लाका विभिन्न सीमा नाकामा दिनरात गस्ती परिचालन गरेपछि भारतबाट नेपाल र नेपालबाट भारततर्फ अवैध रूपमा सामान ओसारपसार गर्ने गतिविधि नियन्त्रणमा पर्न थालेका छन्। गस्तीका क्रममा प्रहरीले दैनिक लाखौं रुपैयाँ मूल्यका सामान बरामद गर्दै आएको छ।

सशस्त्र प्रहरीले नेपालबाट भारततर्फ लैजाँदै गरेका तथा भारतबाट नेपालतर्फ ल्याउँदै गरेका लत्ताकपडा, मोटरसाइकल, किराना सामान, सुर्ती, कस्मेटिक सामग्री, खेलौना, हार्डवेयरका सामान, पेय पदार्थ, मदिरा, चस्मा, मोटरपार्ट्स, जुत्ता, प्लास्टिकका कुर्सी, कार्पेट, सवारीसाधनका पार्टपुर्जा, स्याउ र औषधिलगायतका सामान बरामद गरेको जनाएको छ।

बरामद सामानको कुल मूल्य ४२ लाख ५३ हजार ५९३ रुपैयाँ रहेको छ। बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सिरहा भन्सार कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका गणपति एसपी सुमन जंग थापाले जानकारी दिए।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण .....

अभिव्यक्तिले भारतीयपक्षमा कस्तो प्रभाव परेको छ वा छैन, त्यसले समेत प्रधानमन्त्रीको प्रमण उपलब्धिलाई प्रभावित गर्नेछ। वालेन सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले केही दिनअघि 'नेपालमा भारत विरोधी राष्ट्रवादको युग समाप्त भएको' अभिव्यक्ति दिएर कतै आफ्नै प्रधानमन्त्रीलाई बदलिएको सन्दर्भको सन्देश त दिएका होइनन् भन्ने चर्चासमेत चलेको थियो।

वालेनको भारत भ्रमण यसअघि नै अपेक्षित थियो। यो निकै ढिलो हो। सत्तामा भर्खरै आउँदाको युवा जोशमा उनले स्थितिलाई जसरी लिएका थिए, ९ महिनाको अनुभवले खारेको र परिपक्व बनाउँदै लगेको पनि हुन सक्दछ।

वैशाखमा भारतीय विदेश सचिव विक्रम मिस्रीसँग भेटघाट गर्न नै अस्वीकार गरेका वालेन मंसिरसम्म आइपुग्दा उनैसँगको भेटबाट भ्रमण सहजीकरण गर्न राजी भएका छन्।

'बफर स्टेट', 'भाइब्रेन्ट ब्रिज' र 'समनिकटता' को भ्रम

वालेन सरकारले २०८२ चैत ३० गते प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ दलको साझा दृष्टिकोण प्रस्तुत गरेको भनिएको १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता' को बुँदा नम्बर १४ मा 'अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्ध' नीति नेपाललाई 'बफर स्टेट' बाट 'भाइब्रन्ट ब्रिज' मा रूपान्तरण गर्दै सबैसँग 'समदूरी' वा 'समनिकटता' को नीति अबलम्बन गर्ने उल्लेख गरेको थियो।

नेपालको भूराजनीतिक अवस्थिति व्यक्त यी शब्दावली उचित होनन् भन्ने बहस त्यतिखेर भएका थिए। नेपालको संविधानले नै 'पञ्चशील' र 'असंलग्नता' मा आधारित विदेश नीति अबलम्बन गर्ने निर्देश गरेको सन्दर्भमा सरकारपिच्छेका फरक विदेश नीति हुन सक्दछन् कि सक्दैनन् ? यदि सक्दैनन् भने विदेश नीतिमा वालेन सरकारको पहलदकमीको 'स्पेस' कहाँनेर हो ? 'समदूरी' को साटो 'समनिकटता' भन्दैमा कुनै भिन्नता आउँछ वा आउँदैन ? जस्ता प्रश्न खडा भएका थिए।

नेपाललाई राजावादीहरूले 'दुई ढुंगा बीचको तरुल' भन्ने गर्दछन्। कम्युनिस्टहरूले भारत र अमेरिकालाई मुख्य शत्रु राष्ट्रका रूपमा ब्याख्या गर्दै चीनको पक्षपोषण गरेजस्तो आभाष दिने गर्दछन्। नेपाली कांग्रेसलाई भने यी दुवै शक्तिले 'भारत परस्त' दलका रूपमा चित्रण गर्न खोज्छन् भने मधेशकेन्द्रित दलहरू भारत विरोधी हुन नसक्ने विश्वास नेपालमा बलियो छ। यस सन्दर्भमा रास्वपाको अडान चाहिँ कहाँनेर हो, स्पष्ट छैन। राष्ट्रवादको कार्ड खेल्ने कुरामा प्रधानमन्त्री वालेन्द्र शाहलगायत रास्वपा नेताहरू विगतमा कम थिएनन्।

बफर स्टेट

'बफर स्टेट' भूराजनीतिक विश्लेषण र प्राज्ञिक बहसमा प्रयोग हुन सक्दछ, कूटनीतिमा हैन। नेपाललाई कसैले औपचारिक रूपमा 'बफर स्टेट' भनेको वा मानेको छैन। यो बिल्कुल अनौपचारिक शब्दावली हो। दुई ठूला र शत्रुतापूर्ण सम्बन्ध भएका देशबीच हुनु 'मध्यवर्ती राज्य' भनिए पनि यो नेपालका सन्दर्भमा उचित छैन।

नेपाल र भारतको सीमा १७५१ किमी लामो छ, चीनसँग १४१४ किमी। तर, भारत-चीन सीमा नेपालसँगको भन्दा दोब्बर धेरै ३४८८ किमी छ। इतिहासको कुनै कालखण्डमा नेपाल र तिब्बत ब्रिटिश भारत र स्लाभ-मंगोलिया साम्राज्य बीचका 'बफर स्टेट' जस्ता थिए। आज यो सन्दर्भ बाँकी छैन। भारतको स्वतन्त्रता, पकिस्तान-बंगलादेशको विभाजन, कश्मिर र सिक्किमको विलयन र तिब्बतको चिनियाँकरणले दक्षिण एशियाको राजनीतिक मानचित्रलाई फरक बनाएको छ।

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भइसकेको एक सार्वभौम राष्ट्र हो। अरु कसैले 'बफर स्टेट' नभनेको सन्दर्भमा स्वयं नेपाल आफैंले यसो भन्नु मुर्खतापूर्ण हुन्छ।

भाइब्रेन्ट ब्रिज

यो शब्दावली रास्वपा र वालेन सरकारले पहिलोपटक प्रयोग गरेको होइन। विशेषत: पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले विशेष मोह राख्ने अवधारणा हो। सुन्नका लागि यो अवधारणा निक्कै राम्रो सुनिन्छ। तर, 'बफर स्टेट' सोचकै अर्को रूप जस्तो लाग्छ।

चीन र भारत दुवै नेपाललाई पुल बनाई रहनुपर्ने भौगोलिक बाध्यतामा छैनन्। नेपालसँगभन्दा दोब्बर धेरै सीमा त ती देशबीच नै जोडिन्छ। पुल त्यहाँ हालिन्छ जहाँ खोला वा दूरी हुन्छ। भारत-चीनले सिधै एक आपसमा नाका खोल्ने, कनेक्टिभिटी बनाउने, व्यापार गर्ने संभावना र क्षमता राख्छन्।

नेपाल भारत-चीनको गतिशील पूल हो भन्ने अवधारणाले सायद ती दुवै देशलाई सहजताको अनुभूति दिँदैन। नेपाल 'ओभर स्मार्टिड' गर्दै छ भन्ने भान पऱ्यो भने भारत र चीन दुवै नेपालप्रति सकारात्मक हुने छैनन्।

स्वयं नेपालमा निर्मित हुने मनोविज्ञानका दृष्टिकोणले यो 'भाइब्रन्ट ब्रिज' उपयुक्त अवधारणा होइन। यसले भारत र चीन व्यापारमा बिचौलियाजस्तो बीचमा बसेर कर उठाउने अर्थतन्त्रको परिकल्पना गर्दछ। आफ्नै अर्थतन्त्रलाई बलियो र उत्पादनशील बनाउने होइन, दुई छिमेकी देशको अर्थतन्त्रमा 'मेनुपुलेट' गर्ने सोचलाई प्रवर्द्धन गर्नेछ। पुलको अरु के काम हुन्छ, दुईतिर ढाँट राख्ने र कर उठाउने बाहेक।

'समनिकटता' को भ्रम

'समदूरी' को साटो 'समनिकटता' भन्दैमा देशको विदेश सम्बन्धमा तात्विक भिन्नता आउँदैन। भारत र चीनबीच हामी असंलग्न, समदूरी वा समनिकटतामा छौं भन्ने दावी एउटा कुरा- व्यवहारमा यो कति संभव छ ? भारततिर २७ औपचारिक सीमा नाका छन्, चीनतिर ३ वटा मात्र नियमित सीमा छन्-केरुङ, तातोपानी र कोरला।

चीनतिरको समुन्द्र र भारततिरका समुन्द्रको निकटता र परिवहन लागतस्तर तुलना हुन सक्दैन। नेपाल-भारतबीच सन् १९५० को सन्धि, खुल्ला सीमा छ। लाखौं नेपाली रोजगारका लागि भारत जान्छन्। चीनतिर नेपाली नागरिकले यस्तो कुनै सुविधा प्राप्त गर्न सक्दैनन्।

अस्पष्ट मार्गचित्र

प्रधानमन्त्री वालेन पहिलोपटक भारतको औपचारिक भ्रमण त गर्दै छन्, तर, यावत् सन्दर्भमा न रास्वपा पार्टी, न वालेनको निजी विगत र वर्तमान सरकारको नीति नै भारत सम्बन्धका आधारहरू बारे प्रस्ट छ। सैद्धान्तिक अस्पष्टता, सन्दिग्ध विगत, अविश्वासपूर्ण माहौल, भारतमा एउटै दिगो नेतृत्वको निरन्तरजस्ता कुराले वालेनको भारत भ्रमणलाई निकै जटिल बनाउँछ।

तसर्थ, वालेनको भारत भ्रमणबाट धेरै उपलब्धि हुने आशा गर्न सकिँदैन। कम्तीमा दीर्घकालीन महत्त्वका कुरा हल हुने अपेक्षा गर्न सकिन्न। तत्कालिक महत्त्वका अल्पकालीन सहमति हुन सक्दछन्। नेपाल-भारत सम्बन्धले जुनस्तरको पुनर्परिभाषा र पुनर्संरचनाको खोजी गर्छ, वालेनको भ्रमणले त्यो पूरा हुने आशा बिरलैले गरेका होलान्।

अहिलेलाई प्रधानमन्त्री वालेनले 'प्रग्माटिक एप्रोच' अपनाउन जरुरी हुन्छ। सम्बन्धलाई धेरै सघन र सुदृढ बनाउन नसके पनि थप बिगार्ने काम नगरे त्यही ठूलो उपलब्धि हुनेछ।

प्वाल टाल्ने भ्रमण

वालेनको अरुचिले भारतका लागि रास्वपा सभापति रवि लामिछानेको महत्त्व बढाएको थियो। भाजपाको निमन्त्रणमा सभापति लामिछाने नेतृत्वको रास्वपा टोलीले जेठ महिनामा दिल्लीमा विशेष स्वागत पाएको थियो। त्यतिखेर राज्य-राज्य सम्बन्ध सुमधुर हुन नसक्दा पार्टी-पार्टी सम्बन्धको समानान्तर प्रयास भएको हल्ला चलेको थियो।

अरु धेरै उपलब्धि होलान्, नहोलान्, वालेनको भ्रमणले यो 'प्वाल' भने टाल्न सक्दछ।

कुखुरालाई पानी .....

स्थानीयले शव देखेपछि गोलबजार नगरपालिका-६ का वडा अध्यक्ष सञ्जित लामालाई खबर गरेका थिए। अध्यक्ष लामाले तत्काल प्रहरीलाई जानकारी गराएपछि इलाका प्रहरी कार्यालय गोलबजारबाट प्रहरी निरीक्षक दीपक खरेलको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो।

प्रहरी निरीक्षक खरेलका अनुसार शवको अवस्था हेर्दा करिब एक साताअघिदेखि नै पोखरीमा रहेको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

बुबाको मृत्युमा घर फर्किन खोज्दा जेल, अदालतको फैसलाले परदेशमै बन्धक बने सरोज

अपन दैनिक संवाददाता
ढल्केवर (धनुषा), मंसिर ०२ गते

गत जेठ २५ गते धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-२, सिनरजोडाका रामअशिष यादवको निधन हुँदा उनका कान्छा छोरा सरोज कुमार यादव वैदेशिक रोजगारीका सिलसिलामा देशबाहिर थिए।

संयुक्त अरब इमिरेट्स (युएई) को अबुधाबीमा कार्यरत सरोजले बुबा बितेको दुःखद खबर पाए। उनको मन घर पुग्यो, तर शरीर परदेशमै थियो। बुबाको अन्तिम मुख हेर्ने र काजकिरियामा सहभागी हुने उनको तीव्र चाहना थियो। तर, नियतिले उनलाई त्यो अवसरसमेत दिएन।

बुबाको निधनपछि नेपाल फर्किन खोज्दा सुरुमा कम्पनीले रोकेको सरोजको भनाइ छ। पितृशोकमा रहेका बेला कम्पनीको व्यवहारले आफूलाई थप पीडा दिएको उनको गुनासो छ। कम्पनीसँग बारम्बार आग्रह गरेपछि उनीसँग आवश्यक कागजात मागियो। केही समय कागजात आफूसँगै राखेर फिर्ता गरेपछि कम्पनीले उनलाई विमानस्थल पुऱ्याइदियो। अब भने घर पुग्न पाइने भइयो भन्नेमा सरोज ढुक्क थिए। तर, विमानस्थलमै उनी पक्राउ परे।

घर फर्किने प्रतीक्षामा रहेका सरोजले करिब एक महिना जेलमा बिताउनुपऱ्यो। जेलबाट छुटेपछि प्रहरीले उनलाई पुनः सोही कम्पनीमा बुझाइदियो। बुबाको अन्तिम बिदाइमा सहभागी हुन नपाएको पीडा मनमै दबाएर सरोजले थप दुई महिना त्यहीं काम गरे। युएई पुगेको दुई वर्षको करार अवधि सकिएपछि उनले फेरि नेपाल फर्किने प्रयास गरे। तर, गत भदौ ४ गते विमानस्थलबाटै उनी दोस्रो पटक पक्राउ परे। २३ दिनको जेल बसाइपछि भदौ २७ गते उनी



रिहा भए।

यसै क्रममा गत कार्तिक १९ गते अबुधाबीस्थित अदालतले उनलाई एक महिना कैद र २० लाख नेपाली रुपैयाँ बराबरको जरिवाना तिर्नुपर्ने फैसला सुनायो। घर फर्किने बाटो कुरिरहेका सरोजका लागि अदालतको यो फैसला अर्को बज्रपात बन्यो। बुबाको मृत्युमा घर आउन नपाएका उनी अब स्वदेश फर्किने नसक्ने अवस्थामा पुगेका छन्।

न्याय खोज्ने ठाउँमा निराशा

अबुधाबीमा अलपत्र परेका सरोजका अनुसार उनकै नाममा रहेको सिमकार्ड प्रयोग गरी अपराध भएको आरोपमा अदालतले सजाय सुनाएको हो। तर, उक्त सिमकार्ड आफूले प्रयोग नगरेको र आफ्नो परिचयपत्र (कागजात) दुरुपयोग गरी अरू कसैले निकालेको हुन सक्ने उनको आशंका छ। आफूले कुनै अपराध नगरेको दाबी गर्दै उनले घटनाको निष्पक्ष छानबिनको माग गरेका छन्।

विदेशी भाषा र कानुनी प्रक्रियाबारे अनभिज्ञ रहेका कारण उनी थप समस्यामा परेका छन्। अबुधाबीस्थित नेपाली दूतावासमा सहयोगका लागि गुहार मागदा पनि सुनुवाइ नभएको उनको आरोप छ। अहिले घरबाट खर्च पठाइदिएपछि मात्र उनको दैनिक गुजारा चलिरहेको छ।

२० लाख रुपैयाँ जरिवाना तिर्ने सामर्थ्य सरोजसँग छैन। परिवारको आर्थिक अवस्थासमेत कमजोर छ। भाइको उद्धारका लागि दाइ शिवशंकर यादवले नेपालस्थित कन्सुलर सेवा विभाग र परराष्ट्र मन्त्रालयअन्तर्गतका निकायहरूमा धाइरहेका छन्। तर, हालसम्म कुनै ठोस सहयोग नपाएको उनको गुनासो छ।

'भाइ अहिले युएईको सडकमा अलपत्र छ। बिनागल्तीको सजाय तोकिएको छ। २० लाख रुपैयाँ कहाँबाट ल्याउने ? घरघडेरी बेच्दासमेत त्यति पैसा पुग्दैन, हे भगवान् !' भाइको न्यायका लागि भौंतारिरहेका शिवशंकरले टाउकोमा हात राख्दै दुखेसो पोखे।

नेपाली नागरिक विदेशी भूमिमा कानुनी र आर्थिक संकटमा परेर अलपत्र पर्दासमेत राज्यले अवस्था बुझ्न ढिलाइ गर्नु नागरिकप्रतिको गैरजिम्मेवारीपन भएको नेपाल मानव अधिकार संगठनका धनुषा प्रतिनिधि दिपक लामा बताउँछन्। सिमकार्ड र कागजात दुरुपयोगको आशंकामाथि सूक्ष्म अनुसन्धान, निःशुल्क कानुनी परामर्श तथा कूटनीतिक पहल गरी सरोजलाई सकुशल स्वदेश फर्काउन राज्यले तत्काल तदारुकता देखाउनुपर्ने लामाको भनाइ छ।

